मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

## मिति २०८३ जेठ २८ गतेको ७५ औं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं. २ : खर्च प्रगति सम्बन्धमा ।
प्रस्ताव नं. ३ : विभिन्न मन्त्रालय/कार्यालयको पत्रको जानकारी सम्बन्धमा ।
प्रस्ताव नं. ४ : योजना फरफारक, अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव नं. ५ : जिल्ला अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव नं. ६ : क्रसर उद्योगले प्रयोग गरेका सार्वजनिक जग्गा नाँपजाँच गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. ७ : शाखागत प्रगति समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं. ८: आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं. ९: मानवसेवा आश्रमलाई रकम उपलब्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं. १०: आमाबाबुबिहिन बालबालिकालाई आर्थिक सहयोग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. ११: नेपाल नगरपालिका संघलाई सदस्यता शुल्क उपलब्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं. १२: राष्ट्रिय सतर्कता केन्द्रमा पेश गर्ने लिखित जवाफ सम्बन्धमा ।
प्रस्ताव नं. १३: ढुङ्गा, गिटी बालुवा लगायतका नदीजन्य सामग्रीको मौज्दात नाँपजाँच सम्बन्धमा ।
प्रस्ताव नं. १४: कार्यक्रम संचालनका लागि स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. १५ : दुग्ध उत्पादनमा प्रोत्साहन अनुदान सम्बन्धमा ।
प्रस्ताव नं. १६ : श्रोतान्तर सम्बन्धमा ।
प्रस्ताव नं. १७ : उपभोक्ता समिति मार्फत योजना कार्यान्वयन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. १८ : कोशेली घर संचालन सम्बन्धमा ।
प्रस्ताव नं. १९ : धौले भवनको संरक्षण सम्बन्धमा ।
प्रस्ताव नं. २० : कार्यालय समय अतिरिक्त कार्य गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. २१ : न्यायिक सम्मेलन आयोजना गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. २२ : नगर शिक्षा समितिको बैठकको निर्णय अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं. २३ : आ.व. २०८३/०८४ को लागि राजस्व तथा अनुदान प्राप्तिको अनुमान सम्बन्धमा ।
प्रस्ताव नं. २४ : नगर सभाको मिति तय गर्ने सम्बन्धमा ।

<u>निर्णयहरु</u>

**<u>निर्णय नं. ७५.१</u>** : नगर कार्यपालिकाको मिति २०८३/०२/०८ गतेको ७४ औं बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका बैठकमा छलफल तथा समीक्षा गरियो । हालसम्म कार्यान्वयन हुन नसकेका निर्णयहरु तत्काल कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ७५.२</u>** : मेलम्ची नगरपालिकाबाट आ.व. २०८२/०८३ को श्रावण १ देखि हालसम्मको आम्दानी तर्फ ६८.२३ प्रतिशत, चालु तथा पूँजीगत खर्च प्रगति (चालु तर्फ ६२.६५ प्रतिशत र पूँजीगत तर्फ २७.०६ प्रतिशत गरी समग्रमा ४५.४१ प्रतिशत भएको व्यहोरा यस कार्यपालिका बैठकमा जानकारी गराइयो ।

**<u>निर्णय नं. ७५.३</u>** : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय / हेल्लो सरकार मार्फत प्राप्त भएका विभिन्न उजुरी र अन्य कार्यालयहरुबाट प्राप्त पत्रको सम्बन्धमा यस बैठकमा छलफल भई सम्पूर्ण कार्यपालिका सदस्यहरुलाई जानकारी गराइयो ।

<u>तपसिल</u>

- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय / हेल्लो सरकार मार्फत प्राप्त भएका विभिन्न उजुरीहरुको विषयमा यस कार्यपालिका बैठकमा जानकारी गराइयो । साथै, उक्त उजुरीका सम्बन्धमा आवश्यक कार्यान्वयनका लागि सम्बन्धित वडा कार्यालय र मातहतका शाखाहरुलाई निर्देशन गर्ने निर्णय गरियो ।

- भूमि समस्या समाधान समिति, ताहाचल, काठमाडौंको च.नं. ४०० मिति २०८३/०२/२५ को पत्रबाट भूमि समस्या समाधान समितिले आफ्नो काम कारवाही मिति २०८२/०२/२० गतेबाट नियमित रुपमा सुचारु गरेको जानकारी स्थानीय तहलाई पाठइएको हुँदा उक्त पत्रको विषयमा सम्पूर्ण कार्यपालिका सदस्यहरुलाई जानकारी गराइयो ।

**<u>निर्णय नं. ७५.४</u>** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा (२) खण्ड (ङ) मा भएको कानूनी व्यवस्था बमोजिम प्रमुख प्रशासकीय अधिकृत मार्फत फरफारकका लागि, मेलम्ची नगरपालिकाका उपप्रमुख उमा प्रधानज्यूको संयोजकत्वमा गठित योजना अनुगमन तथा सुपरीवेक्षण समितिबाट अनुगमन भएका तथा गुणस्तरीय कार्य र योजना फरफारक सम्बन्धमा यस कार्यालयबाट जारी गरिएको सार्वजनिक सूचनामा कुनै गुनासो समेत प्राप्त नभएका देहाय बमोजिमका योजनाहरु पेश भएको हुँदा, उक्त योजनाहरुको सम्बन्धमा यस कार्यपालिका बैठकमा छलफल भई पेश भएका अनुसूची-१ मा उल्लिखित योजनाहरु फरफारक गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

**निर्णय नं. ७५.५** : जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोकको च.नं. ४४८ मिति २०८३/०२/०८ को पत्रबाट ढुङ्गा, गिटी बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ (संशोधन समेत) को दफा ९ बमोजिमको नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, संकलन र बिक्री वितरण सम्बन्धी अनुगमन गर्न गठित जिल्ला अनुगमन समितिको मिति २०८२/०२/०८ मा बसेको बैठकको निर्णय र अनुगमन समितिबाट पारित भएको प्रतिवेदन आवश्यक कार्यान्वयनको लागि लेखि आएको हुँदा उक्त प्रतिवेदन यस कार्यपालिका बैठकमा छलफल गरी अनुगमन समितिको निर्णय र प्राप्त प्रतिवेदनमा भएका विषयहरु कार्यान्वयनको लागि सम्बन्धित क्रसर उद्योग, वडा कार्यालय सम्बन्धित सरोकारवाला निकायमा लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ७५.६** : मेलम्ची नगरपालिका क्षेत्र भित्र संचालित क्रसर उद्योगहरुले प्रयोग गरेका सार्वजनिक जग्गाहरुको यस नगरपालिकाबाट बहाल बिटौरी शुल्क संकलन हुँदै आएको सन्दर्भमा, जिल्ला प्रशासन कार्यालयबाट समेत सार्वजनिक जग्गाहरुको संरक्षणका लागि पत्राचार भएको हुँदा उक्त क्षेत्रमा प्रयोग भएका सार्वजनिक जग्गाहरु एकिन रुपमा नाँपजाँच गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७५.७** : मेलम्ची नगरपालिका अन्तर्गतका विभिन्न शाखाहरुबाट आ.व. २०८२/०८३ को हालसम्म सम्पादन भएका कार्य प्रगतिको समीक्षा गरियो ।

**निर्णय नं. ७५.८** : मेलम्ची नगरपालिका क्षेत्र भित्रका देहाय बमोजि मका व्यक्तिरुलाई आर्थिक सहायता प्रदान गर्नको लागि सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई भएको हुँदा विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

१. मेलम्ची नगरपालिका १० नं. वडा कार्यालयको च.नं. ८३१ मिति २०८३/०२/२५ को पत्रबाट सोही वडा निवासी राजु देउजाको गोठ मिति २०८३/०२/२३ गते आगलागी हुँदा गोठ पूर्ण रुपमा क्षति भई गोठभित्र रहेका चार वटा भैंसी जलेर मरेको र निजको आर्थिक अवस्था कमजोर रहेको हुँदा निजलाई आर्थिक सहायता उपलब्ध गराइदिनका लागि प्रहरी मुचुल्का सहित सिफारिस भई आएको हुँदा सिफारिस भए बमोजिम निजलाई रु. ५० हजार आर्थिक सहयोग उपलब्ध गराउने ।

२. मेलम्ची नगरपालिका ११ नं. वडा कार्यालयको च.नं. १६९७ मिति २०८३/०२/१९ को पत्रबट सोही वडा निवासी कृष्ण बहादुर दनुवारको हाल धुलिखेल अस्पतालमा हर्नियाँ रोगको उपचार भइरहेको र निजको आर्थिक अवस्था अत्यन्त कमजोर भएकोले निजको उपचारको लागि आर्थिक सहयोग उपलब्ध गराइदिनका लागि सिफारिस भई आएको हुँदा निजलाई रु. ५० हजार आर्थिक सहयोग उपलब्ध गराउने ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

३. मेलम्ची नगरपालिका ११ नं. वडा कार्यालयको च.नं. १७६३ मिति २०८३/०२/२८ को पत्रबट सोही वडा निवासी ऋषिराम भट्टराई हाल विर अस्पतालमा टाउकोको समस्या भई उपचाररत रहेको र निजको आर्थिक अवस्था अत्यन्त कमजोर भएकोले निजको उपचारको लागि आर्थिक सहयोग उपलब्ध गराइदिनका लागि सिफारिस भई आएको हुँदा निजलाई रु. ५० हजार आर्थिक सहयोग उपलब्ध गराउने ।

४. मेलम्ची नगरपालिका ११ नं. वडा कार्यालयको च.नं. १७६२ मिति २०८३/०२/२८ को पत्रबट सोही वडा निवासी नैन बहादुर भुजेल मृगौला फेल भई हाल नेशनल किड्नी सेन्टरमा उपचाररत रहेको र निजको आर्थिक अवस्था अत्यन्त कमजोर भएकोले निजको उपचारको लागि आर्थिक सहयोग उपलब्ध गराइदिनका लागि सिफारिस भई आएको हुँदा निजलाई रु. ५० हजार आर्थिक सहयोग उपलब्ध गराउने ।

५. मेलम्ची नगरपालिका १२ नं. वडा कार्यालयको च.नं. १२३३ मिति २०८३/०२/२८ को पत्रबट सोही वडा निवासी सुन बहादुर तामाङको मुटु र कलेजोमा समस्या भई हाल मेडिकल कलेज, काठमाडौंमा उपचाररत रहेको र निजको आर्थिक अवस्था अत्यन्त कमजोर भएकोले निजको उपचारको लागि आर्थिक सहयोग उपलब्ध गराइदिनका लागि सिफारिस भई आएको हुँदा निजलाई रु. ५० हजार आर्थिक सहयोग उपलब्ध गराउने ।

<u>निर्णय नं. ७५.९ :</u> मानवसेवा आश्रमबाट घरवार तथा आफन्तबिहिन भई सडक पेटी र सार्वजनिकस्थलहरुमा अति कष्टपूर्ण जीवन विताउन विवश भएका सहायोगापेक्षी सडक मानवहरुको उद्दार, उपचार, पालनपोषण, संरक्षण एवं पारिवारिक पुनर्मिलनको कार्य गर्दै हुँदै आएको र उक्त सेवा केन्द्रबाट यस मेलम्ची नगरपालिका क्षेत्रमा रहेका सहायोगापेक्षी सडक मानवहरुको समेत उद्दार र संरक्षण गरी पालनपोषणको कार्य भइरहेको एवं मानवसेवा आश्रमको लागि चालु आ.व. २०८२/०८२ मा रु. ५ लाख बजेट विनियोजन गरिएकोले उक्त संस्थाको च.नं. १३६ मिति २०८३/०२/०६ को पत्रबाट सो रकम माग भएको हुँदा महिला, बालबालिका, तथा सामाजिक समावेशीकरण शाखा अन्तर्गत मानव सेवा आश्रम सहयोग खर्च शिर्षकमा विनियोजित बजेटबाट रु. ५ लाख उपलब्ध गराउने निर्णय गरियो ।

<u>निर्णय नं. ७५.१० :</u> मेलम्ची नगरपालिका अन्तर्गत मेलम्ची नगरस्तरिय बाल संरक्षण कोष खातामा प्राप्त भएको ब्याज रकमबाट मेलम्ची नगरपालिका क्षेत्र भित्रका तपसिल बमोजमिका आमाबाबुबिहिन बालबालिकाहरुलाई मिति २०८२ पोष महिना देखि २०८३ असार महिनासम्म (६ महिना) को प्रति बालबालिका मासिक रु. १०००।– का दरेले आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

तपसिल

| क्र.सं. | बालबालिकाको नाम, थर | ठेगाना | बाबु आमाको अवस्था |
|---|---|---|---|
| १ | अस्विन गिरी | मेलम्ची न.पा. ८ | आमाको मृत्यु भएको र बाबुको आर्थिक अवस्था कमजोर भएको । |
| २ | गरिमा भारती | मेलम्ची न.पा. ८ | आमाको मृत्यु भएको र बाबुको आर्थिक अवस्था कमजोर भएको । |
| ३ | मान बहादुर श्रेष्ठ | मेलम्ची न.पा. ७ | बाबुको मृत्यु भएको र आमाको आर्थिक अवस्था कमजोर रहेको |

**निर्णय नं. ७५.११ :** नेपाल नगरपालिका संघको च.नं. ४५ मिति २०८२/०५/१६ को पत्रबाट सदस्यता शुल्क उपलब्ध गराइदिनका लागि पत्राचार भएको हुँदा विविध खर्च शिर्षबाट खर्च हुने गरी सदस्यता शुल्क बापत रु. ५० हजार उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७५.१२ :** राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरवार, काठमाडौंको च.नं. प्रा./३०/२२३८ मिति २०८३/०२/०६ को पत्रबाट माग भएको विवरणको सम्बन्धमा कार्यालयबाट तयार पारिएको लिखित जवाफका विषयमा यस कार्यपालिका बैठकमा छलफल भई उक्त लिखित जवाफ राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरवार, काठमाडौंमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ७५.१३ :** मेलम्ची नगरपालिकाबाट आ.व. २०८३/०८४ मा ढुङ्गा, गिटी बालुवा लगायतका नदीजन्य पदार्थको बिक्री मार्फत राजस्व संकलनका लागि ठेक्का व्यवस्थापन गर्नुपर्ने भएको र यस कार्यालयसंग नदीजन्य सामग्रीको नाँपजाँच गर्ने यन्त्र उपकरण नभएको हुँदा मेलम्ची नगरपालिका क्षेत्र भित्र संचालित क्रसर उद्योग आसपास क्षेत्रमा मिति २०८३ असार मसान्तसम्म मौज्दात अवस्थामा रहेका नदीजन्य सामग्रीको नापजाँचका लागि जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोकलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७५.१४ :** काठमाडौं महानगरपालिका वडा नं. २८ स्थित ग्रामीण शिक्षा तथा वातावरण विकास कन्द्र, को मिति २०८३/०२/२७ को पत्रबाट करुणा ट्रष्टको आर्थिक सहयोगमा सन् २०२६ देखि सन् २०३० सम्मका लागि Secure Nutrition for a Resilient Start: Climate-Adaptive Communities and Schools in Melamchi नामक परियोजनाको पूर्व स्वीकृतिको लागि यस कार्यालयमा आवश्यक कागजात संलग्न राखी निवेदन पेश भएको हुँदा यस कार्यालयसंग प्रत्यक्ष समन्वय गरी कार्य गर्ने गरी कार्यक्रम संचालनका लागि पूर्व स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक

त्यसैगरी, होप इनोभेसन नेपालको च.नं. ५५ मिति २०८३/०२/२६ को पत्रबाट यस नगरपालिकाका विपन्न तथा सीमान्तकृत युवाहलाई स्थानीय रोजगारी तथा साना उद्यम (माइक्रो इन्टरप्राइज ) मारफत सक्षम र आत्मनिर्भर बनाउनको लागि निशुल्क रुपमा ६ महिने Nepal's Young Generation –Local Jobs and Micro-Enterprises कार्यक्रम संचालनका लागि स्वीकृति माग भएको हुँदा यस कार्यालयसंग प्रत्यक्ष समन्वय गरी कार्यक्रम संचालन गर्ने गरी स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७५.१५:** बागमती प्रदेश सरकारको सशर्त अनुदान अन्तर्गत चालु आ.व. २०८२/०८३ मा उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान कार्यक्रमको लागि रु.. ५६ लाख बजेट प्राप्त भएकोमा उक्त अनुदान कार्यक्रममा सहभागी हुनका लागि प्रस्ताव पेश गरेका देहाय बमोजिमका दुग्ध सहकारी तथा दुग्ध संकलन केन्द्रहरुको प्रस्ताव स्वीकृत गरी दुग्ध उत्पादक कृषकहरुलाई प्रोत्साहन अनुदान प्रदान गर्नको लागि मिति २०८३/०२/२८ को आर्थिक विकास समितिको बैठकबाट छनौट गरी सिफारिस भएको हुँदा उक्त बैठकबाट सिफारिस भएका १७३२ जना दुग्ध उत्पादक कृषकहरुलाई प्रति लि. रु. १।५० का दरले कूल जम्मा रु. ५५,९९,९०९।५० (अक्षरुपी पचपन्न लाख उनान्सय हजार नौ सय नौ रुपैयाँ पैसा पचास मात्र) दुग्ध प्रोत्साहन अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | सहकारी /संकलन केन्द्रको विवरण | ठेगाना | कृषक संख्या | उत्पादन परिमाण (लि.) |
|---|---|---|---|---|
| १ | ईन्द्रावती दुग्ध उत्पादन तथा संकलन केन्द्र | मेलम्ची न.पा. ११ | ५७९ | १२५७७२९ |
| २ | जरायटार साना किसान कृषि सहकारी संस्था लि. | मेलम्ची न.पा. ११ | १७८ | २९१८०१ |
| ३ | सूर्यमुखी साना किसान कृषि सहकारी संस्था लि. | मेलम्ची न.पा. १ | ३६७ | ६८८३०६ |
| ४ | सिन्धु मिलन दुग्ध उत्पादक सहकारी संस्था लि. | मेलम्ची न.पा. ११ | २३० | ४२७३२७ |
| ५ | शिवशक्ति दुग्ध संकलन उद्योग प्रा.लि. | मेलम्ची न.पा. १२ | ७३ | २६७०९१ |
| ६ | बाँसवारी सामुदायिक कृषि सहकारी संस्था लि. | मेलम्ची न.पा. १२ | २७४ | ७५६८७४ |
| ७ | समरा दुग्ध उत्पादन तथा संकलन एवं कृषि फर्म | मेलम्ची न.पा. ११ | ३१ | ४४१४५ |
| | जम्मा | | १७३२ | ३७३३२७३ |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

**निर्णय नं. ७५.१६:** मेलम्ची नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८२ को दफा २० को उपदफा (४) अनुसार विनियोजन ऐन अन्तर्गत नेपाल सरकार वा प्रदेश सरकार वा आन्तरिक स्रोतबाट प्राप्त कुनै एक प्रकारको खर्च व्यहोर्ने स्रोतमा रहेको रकम अर्को स्रोतमा स्रोतान्तर गर्ने र भुक्तानी विधि परिवर्तन गर्ने अधिकार कार्यपालिकालाई हुनेछ भन्ने व्यवस्था भएकोमा मेलम्ची नगरपालिकाको अनुसूची-१ अन्तर्गत आन्तरीक स्रोतमा रहेका कार्यक्रमहरु राजश्व बाँडफाँड स्थानीय स्रोतमा स्रोतान्तर गरी नगरपालिकाको बजेट सूचना प्रणालीमा (सुत्र) अद्यावधिक गर्ने निर्णय गरियो।

**निर्णय नं. ७५.१७:** मेलम्ची नगरपालिका क्षेत्र भित्रका देहाय बमोजिमका योजनाहरु निर्माण एवं मर्मत संभार गर्न आवश्यक भएकोले प्राविधिक लागत अनुमान बमोजिम मर्मत संभार विशेष कोषबाट खर्च हुने गरी उक्त योजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो। साथै, मेलम्ची नगरपालिका वडा नं. ११ स्थित १५ शैयाको मेलम्ची नगर अस्पतालको पछाडि उपभोक्ता समिति मार्फत बायोइन्जिनिरिङ तथा सडक स्तरोन्नती कार्य गर्नको लागि अस्पताल संचालन तथा व्यवस्थापन शिर्षकबाट खर्च हुने गरी रु. १५ लाख बजेट व्यवस्था गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | योजनाको विवरण | ठेगाना | विनियोजित बजेट रु. |
|---|---|---|---|
| १ | नगरस्तरीय मानेमोड देखि पाल्ले हुँदै गाउँपालिका सिमानासम्मको सडक | मेलम्ची न.पा. ९ | ५ लाख |
| २ | नगरस्तरीय सितेनीखोला कर्कले लोप्चनटोल सडक | मेलम्ची न.पा. ०९ | ५ लाख |
| ३ | फट्टे दुवाचौर बरुवा सडक स्तरोन्नती | मेलम्ची न.पा. ७ | ३ लाख |
| ४ | दाउचेत क्यौरानी सडक मर्मत | मेलम्ची न.पा. ८ | ६ लाख |
| ५ | पाङसिङ खोला कात्तिके खैरे सिंचाई | मेलम्ची न.पा. ८ | २ लाख ५० हजार |

**निर्णय नं. ७५.१८:** मेलम्ची नगरपालिका वडा नं. ११ स्थित मेलम्ची बजारमा रहेको कोशेली घर संचालनका लागि कोशेली घर संचालन तथा व्यवस्थापन कार्यविधि, २०८३ स्वीकृत गरी कम्पनी ऐन अन्तर्गत दर्ता प्रक्रिया अगाडि बढाउनुको साथै उक्त कोशेली घर संचालनका लागि लागत अनुमान बमोजिम आवश्यक पर्ने सामग्रीहरु खरिद गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

**निर्णय नं. ७५.१९:** मेलम्ची नगरपालिकाबाट निर्माण भएको मेलम्ची नगरपालिका वडा नं. ११ स्थित धौले भवन, संरक्षण र संचालनको अभावमा जीर्ण बन्दै गएको हुँदा उक्त भवनको संरक्षण तथा संचालनका लागि ११ नं. वडा कार्यालयलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

**निर्णय नं. ७५.२०:** मेलम्ची नगरपालिकाबाट आ.व. २०८२/०८३ मा विनियोजन भएका योजनाहरुको कार्यान्वयन प्रक्रिया अन्तिम चरणमा रहेको कारणबाट कार्यालय समयमा सेवाग्राहीहरुको चाप दिन प्रतिदिन बढ्दै गएको हुँदा सेवाग्राहीहरुलाई सेवा प्रवाहमा सहजता प्रदान गर्नको लागि सार्वजनिक बिदाका दिन एवं कार्यालय समय अघि वा पछि कार्यालयको दैनिक प्रशासनिक कामकाज संचालनका लागि आवश्यक व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७५.२१:** बागमती प्रदेश अन्तर्गतका विभिन्न नगरपालिका र गाउँपालिकाका उपप्रमुख एवं न्यायिक समितिका संयोजकहरुको न्यायिक सम्मेलन मिति २०८३ असार १५ गते मेलम्ची नगरपालिकामा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७५.२२:** मिति २०८३/०२/२८ गते बसेको शिक्षा समितिबाट भएका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७५.२३:** स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट आगामी आ.व. २०८३/०८४ को लागि सिफारिस भई आएको राजस्व तथा अनुदान प्राप्तको अनुमानको विषयमा यस कार्यपालिका बैठकमा छलफल गरियो ।

**निर्णय नं. ७५.२४:** मेलम्ची नगरपालिकाको नगर सभाको २० औं अधिवेशन मिति २०८३ साल असार १० गते गर्ने निर्णय गरियो ।

२०८३।२।२८

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

अनुसूची १

नगरस्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिबाट अनुगमन गरी नगरकार्यपालिका बैठकमा मिति २०८३-०२-२८ मा फरफारका लागि पेश गरिएको प्रतिवेदन

| क.स. | अनुगमन गरिएको योजनाहरु | विनियोजित रकम रु. | लागत साझेदारी | वडा नं. | भुक्तानी रकम (कन्टेनजेन्सी सहित) | खरिद प्रक्रिया | भएका मुख्य कार्यहरु |
|---|---|---|---|---|---|---|---|
| १ | गोरेटो बाटो सुधार तथा सिडी निर्माण(स्वरोजगार) | ४,२५,०००.०० | प्राविधिक बिल अनुसार | १ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | आवश्यक स्थानमा लेभल मिलाउन मेशनरी वाल निर्माण तथा सोलिङ पि.सि.सि गरि सिढि निर्माण कार्य। |
| २ | Construction of Bhotechaur Danda Gaun Healthpost Building Type 4 MMSI/WORKS/NCB/2080-81/27 | लागत अनुमान रकम २७६२५५०७.९८ सम्झौता रकम १८१७५७९१.२५ | प्राविधिक बिल अनुसार | १ | प्राविधिक बिल अनुसार | ठेक्का | आर.सि.सि. भवन निर्माण गरी उक्त भवनमा ईलेक्ट्रिकल, स्यानिटरी, रङ्गरोगन लगायत सम्पूर्ण फिनिसिङको कार्यहरु सम्पन्न गरिनुका साथै स्वास्थ्य सामाग्री खरिद गर्ने कार्य। |
| ३ | भोटेचौर सिडी निर्माण तथा खेलमैदान घेराबार निर्माण कार्य | ६,००,०००.०० | ६१६६८.४१ | १ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | स्टोन मेशनरी वाल लगाई सोलिङ पि.सि.सि. गरी फलामे रेलिङ सहित सिडि निर्माण र खेलमैदानमा फलामे पिल्लरमा तार जालीको घेराबार निर्माण कार्य। |
| ४ | ठुलोपाटा सामुदायिक (अधुरो) भवन निर्माण | १०,००,०००.०० | १,००,३४६.१९ | १ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | प्लाष्टर तथा रङरोगन, झ्यालढोका, मेशनरी वाल, सेप्टि ट्याङ्की र शौचालय निर्माण कार्य। |

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | स्याङताङटोल सामुदायिक भवन मर्मत तथा शौचालय निर्माण | ४,००,०००.०० | ४०,०००.०० | २ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | सामुदायिक भवनमा रङ्ग रोगन तथा प्लास्टरको कार्य भएको |
| ६ | मुल सडक जाल्पादेवी खोल्सा जानेबाटो स्तरोन्नती | २,००,०००.०० | २०,०००.०० | २ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | मेशनरी वाल निर्माण कार्य। |
| ७ | सिन्द्धेश्वरीघाट सिडी निर्माण कार्य | ३,६०,०००.०० | ३६,०००.०० | २ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | मेशनरी वाल लगाई सिडी निर्माण कार्य भएको। |
| ८ | कित्तरपाखा सिंचाई कुलो स्तरोन्नती | ५,००,०००.०० | ५०,०००.०० | ३ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | आर.सि.सि कुलो, मेशनरी वाल, HDPE पाईप विस्तार गरी सिंचाई कार्य। |
| ९ | सामुदायिक भवन तथा कालिका देवी मन्दिर धारा शौचालय निर्माण | ५,००,०००.०० | ५०,०००.०० | ३ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | सेफ्टि ट्याङ्की तथा शौचालय निर्माण गरी घेराबार कार्य। |
| १० | गौरुङथोक सिडी निर्माण (स्वरोजगार) | ४,५०,०००.०० | प्राविधिक बिल अनुसार | ३ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | आवश्यक स्थानमा लेभल मिलाउन मेशनरी वाल निर्माण तथा सोलिङ पि.सि.सि गरि सिढि निर्माण कार्य। |
| ११ | सेपिलो टोलदेखि वोव्राङ दहपोखरी हुदैं पाटी भञ्याङ सडक मर्मत | १०,००,०००.०० | १,००,०००.०० | ३ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | ग्राभेल गरी सडक मर्मत कार्य भएको |
| १२ | डिही आ वि सडक स्तरोन्नती कार्य | ८,००,०००.०० | ८०,०००.०० | ४ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | ग्याविन वाल लगाई सडक स्तरोन्नती कार्य |
| १३ | डिही चिहानघाट (अधुरो योजना) निर्माण कार्य | ५,००,०००.०० | ५०,०००.०० | ४ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | ईट्टाको गाह्रो लगाई, रङगिन जस्ताले छाई चिहानघाट निर्माण कार्य। |
| १४ | सुनखानी खानेपानी निर्माण कार्य | २,००,०००.०० | २०,०००.०० | ४ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | फेरो सिमेन्ट रिजर्भ ट्याङ्की निर्माण कार्य। |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५ | कुनारारोयले सिढि निर्माण (स्वरोजगार) | ४,२५,०००.०० | प्राविधिक बिल अनुसार | ५ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | आवश्यक स्थानमा लेभल मिलाउन मेशनरी वाल निर्माण तथा सोलिङ पि.सि.सि गरि सिढि निर्माण कार्य। |
| १६ | गजुरेलटोल खानेपानी स्तरोन्नती | २,००,०००.०० | २०,०००.०० | ५ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | खानेपानी मर्मत तथा पाईप लाईन बिस्तारको कार्य। |
| १७ | विसुङ्खेटोल खानेपानी मर्मत संभार | २,००,०००.०० | २०,०००.०० | ५ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | खानेपानी मर्मत तथा पाईप लाईन बिस्तारको कार्य। |
| १८ | विसङ्खेटोल रोक्रा तल्लो बस्ती पहिरो नियन्त्रण | ३,००,०००.०० | ३०,०००.०० | ५ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | स्टोन मेशनरी वाल लगाई बस्ती संरक्षण कार्य। |
| १९ | माथिल्लो घ्याङ घाट निर्माण | ४,००,०००.०० | ४०,०००.०० | ५ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | आर.सि.सि. पिल्लर उठाई घाट निर्माण कार्य। |
| २० | भदौरे टोल बस्ती संरक्षण | २,००,०००.०० | २०,०००.०० | ५ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | मेशनरी वाल लगाई बस्ती संरक्षण कार्य। |
| २१ | कालिका आ वि भिमसेनस्थान खानेपानी व्यवस्थापन | २,००,०००.०० | २०,०००.०० | ५ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | ईन्टेक निर्माण तथा पाईप लाईन बिस्तार गर्ने कार्य। |
| २२ | बोगटीटोल बस्ती संरक्षण | १,००,०००.०० | १०,०००.०० | ५ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | मेशनरी वाल निर्माण गरी बस्ती संरक्षण कार्य। |
| २३ | पञ्चकन्या सिग्देल गाउँ चापाबोट माने भन्ज्याङ गोरेटो बाटो निर्माण(स्वरोजगार) | ७,००,०००.०० | प्राविधिक बिल अनुसार | ६ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | आवश्यक स्थानमा लेभल मिलाउन मेशनरी वाल निर्माण तथा सोलिङ पि.सि.सि गरि सिढि निर्माण कार्य। |
| २४ | वतासे स्कुलटोल कोतटोल गोरेटोबाटो सिडी निर्माण | ४,००,०००.०० | ४०,०००.०० | ६ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | सिढि निर्माण गरी रेलिङ राख्ने कार्य |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २५ | पधेँरे पसलेडाँडा खानेपानी मर्मत | २,००,०००.०० | २०,०००.०० | ६ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | खानेपानी मर्मत तथा पाईप लाईन बिस्तारको कार्य। |
| २६ | भुमेस्थान सिडी निर्माण | ४,००,०००.०० | ४०,०००.०० | ६ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | सिडि निर्माण तथा मेशनरी वाल निर्माण। |
| २७ | द्धारेटोल वाइवाटोल मसानघाट निर्माण | ५,००,०००.०० | ५०,०००.०० | ६ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | प्रतिक्षालय निर्माण गरी ईट्टाको वाल तथा ट्रसको मसानघाटा निर्माण कार्य। |
| २८ | बतासे डाँडाटोल सिडी निर्माण | ३,००,०००.०० | ३०,०००.०० | ६ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | सिडि निर्माण तथा मेशनरी वाल निर्माण। |
| २९ | प्वारेटोल ट्याङ्की मर्मत | २,००,०००.०० | २०,०००.०० | ६ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | जिर्ण तथा चुहिने अवस्था रहेको सिंचाई ट्याङ्कीलाई आर.सि.सी. ढलान गरी मर्मत कार्य। |
| ३० | जुनतारा बहुआयमिक सामुदायिक भवन संरक्षण कार्य | १०,००,०००.०० | १,००,०००.०० | ७ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | सामुदायिक भवन संरक्षणका लागी मेशनरी वाल लगाउने साथै माटो खन्ने र माटो सम्माउने कार्य। |
| ३१ | दुवाचौर सामुदायिक भवन संरक्षण | १०,००,०००.०० | १,००,०००.०० | ७ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | सामुदायिक भवन संरक्षणका लागी मेशनरी वाल लगाउने साथै माटो खन्ने र माटो सम्माउने कार्य। |
| ३२ | घलेटोल सामुदायिक भवन | ५,००,०००.०० | ५०,०००.०० | ७ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | आर.सि.सि. सिलिङ(छत) ढलान गर्ने कार्य । |
| ३३ | पोखरे माने (अधुरो) निर्माण | १०,००,०००.०० | १,००,०००.०० | ७ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | अधुरो मानेमा इट्टाको कार्य तथा प्लाष्टर, रेलिङ, बुट्टा कोर्ने, पनिङ गर्ने र । |
| ३४ | धोविखोला नागेडाडा सिंचाई | ५,००,०००.०० | ५०,०००.०० | ७ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | आर.सि.सि. कुलो, मेशनरी वाल निर्माण कार्य । |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३५ | रतचौर खेत कृषि सडक | ५,००,०००.०० | ५०,०००.०० | ७ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | नयाँ ट्र्याक खोली कृषि सडक निर्माण भएको। |
| ३६ | पाखेनटोल डाँडा खेत कृषि सडक | ३,५०,०००.०० | ३५,०००.०० | ७ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | नयाँ ट्र्याक खोली कृषि सडक निर्माण भएको। |
| ३७ | गैराथोक डाँडाथोक मन्दिर अधुरो | ५,००,०००.०० | ५०,०००.०० | ७ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | प्लाष्टर, रङरोगन, नाग बुट्टा, गजुर बनाउने तथा शिवलिङ्ग बनाउने, पाला बनाउने कार्य। |
| ३८ | घलेटोल स्वारा भारतीथोक गोरेटो बाटो | ४,००,०००.०० | ४०,०००.०० | ७ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | सोलिङ पि.सी.सी गरी र मेशनरी वाल लगाइ सिडि निर्माण कार्य। |
| ३९ | पोखरे कोरराला स्वारा सिडी निर्माण | ४,२५,०००.०० | प्राविधिक बिल अनुसार | ७ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | सोलिङ पि.सि.सि. गरी मेशनरी वाल लगाई सिडी निर्माण कार्य। |
| ४० | तिन कन्या सामुदायिक भवन संरक्षण | ५,००,०००.०० | ५०,०००.०० | ९ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | सामुदायिक भवन संरक्षणको लागी भवन अगाडी पछाडी स्टोन मेशनरी वाल लगाई माटो खन्ने र माटो पुर्ने कार्य। |
| ४१ | Upgrading Works of Gairighyang Ghaiyafokta Gufati Mod Road.(MMSI/WORKS/NCB/2082-83/22) | लागत अनुमान रकम २५,००,००।००।- सम्झौता रकम २४,४८,५११।१६ ।- | प्राविधिक बिल अनुसार | ९ | प्राविधिक बिल अनुसार | ठेक्का | आवश्यक स्थानमा ग्याविन भर्ने कार्य, स्टोन मेशनरी वाल, ह्युमपाईप र प्लम नाली निर्माण गरी सडक स्तरोन्नती कार्य। |

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४२ | Construction Of Khaldekhola Tintale Dobate Sinchai Yojana.(MMSI/WORKS/SQ/2082-83/17) | लागत अनुसार रकम १५,००,००।००।- सम्झौता रकम १४,२२,३५५।५५।- | प्राविधिक बिल अनुसार | ९ | प्राविधिक बिल अनुसार | ठेक्का | कुलोको लेभल मिलाउन आवश्यक स्थानमा स्टोन मेशनरी वाल लगाई आ.सि.सि. सिंचाई कुलो र पाईप बिछ्याउने कार्य। |
| ४३ | सल्लेखोला किरियापुत्री भवन निर्माण | ५,००,०००.०० | ५०,०००.०० | ९ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | स्टोन मेशनरी वाल, ट्रसको जस्ताको छाना छाइर कियापुत्री बस्ने ठाँउ निर्माण कार्य। |
| ४४ | काफ्लेखोला इन्द्रावती सडक | ७,००,०००.०० | ७०,०००.०० | ९ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | प्लम नाली, मेशनरी वाल र बाटो ढलान कार्य |
| ४५ | फटकटोल सिँचाई | २,००,०००.०० | २०,०००.०० | ९ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | स्टोन मेशनरी वाल र आर.सि.सि. सिंचाई कुलो निर्माण। |
| ४६ | देउराली भन्ज्याङ सल्लेघारी सडक स्तरोन्नती | ५,००,०००.०० | ५०,०००.०० | ९ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | ग्याविन वाल र बाटो खन्ने कार्य। |
| ४७ | पञ्चकन्या फलामे मन्दिर मर्मत संभार | ४,००,०००.०० | ४०,०००.०० | १० | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | मेशनरी वाल लगाई मन्दिर संरक्षण तथा मर्मत कार्य। |
| ४८ | बलघरे टोल सिढि निर्माण | ५,५०,०००.०० | प्राविधिक बिल अनुसार | ११ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | आवश्यक स्थानमा लेभल मिलाउन मेशनरी वाल निर्माण तथा सोलिङ पि.सि.सि गरि सिढि निर्माण कार्य। |
| ४९ | जागेश्वरी मतदात केन्द्र घेराबार तथा खानेपानी व्यवस्थापन | १०,००,०००.०० | प्राविधिक बिल अनुसार | ११ | प्राविधिक बिल अनुसार | सोझै खरिद | तार जालीको घेरावर, UPVC को झ्याल ढोका, १००० लिटरको पानी ट्याङ्की, शौचालाय मर्मत र इलेक्ट्रिक कार्य। |

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५० | दलित बस्ती संरक्षण | १०,००,०००.०० | १,००,०००.०० | ११ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | बस्ती संरक्षणका लागी मेशनरी वाल निर्माण कार्य । |
| ५१ | झ्याल ढोका निर्माण तथा व्यवस्थापन(जनजागृति मा.वि.) | ६,००,०००.०० | ६०,०००.०० | ११ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | UPVC झ्याल ढोका, फल्स सिलिङ निर्माण कार्य। |
| ५२ | आरुखर्क दलित बस्ती धितालटोल मोटरबाटो स्तरोन्नती | ९,००,०००.०० | ९०,०००.०० | ११ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | सडक संरक्षणका लागी मेशनरी वाल निर्माण र क्याचपिट सहित ह्युमपाईप हालि भल व्यवस्थापन कार्य। |
| ५३ | राम्पाते झोलुङ्गेपुल संरक्षण कार्य | ५,००,०००.०० | ५०,०००.०० | ११ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | Boulder Packing तथा खोला चौडा गरी पुल संरक्षण कार्य। |
| ५४ | खत्रीटोल दलितबस्ती मोटरबाटो स्तरोन्नती कार्य | ९,००,०००.०० | ९०,०००.०० | १२ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | सडक संरक्षणका लागी मेशनरी वाल निर्माण र क्याचपिट सहित ह्युमपाईप हाल्ने र प्लम नाली निर्माण कार्य |
| ५५ | बोम्जन खोरिया सिडी बाटो निर्माण | ७,००,०००.०० | ७०,०००.०० | १२ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | सोलिङ पि.सि.सी गरी सिढी निर्माण कार्य। |
| ५६ | खहरेखोला पक्कीपुल सिंचाई योजना निर्माण | ५,००,०००.०० | ५०,०००.०० | १२ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | मेशनरी वाल आर.सि.सी कुलो निर्माण कार्य। |
| ५७ | नमुना सामुदायिक मगर समाज सामुदायिक भवन निर्माण | १०,००,०००.०० | १,००,०००.०० | १२ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | सामुदायिक भवनमा प्लाष्ट्र कार्य, रङ्गरोगनको कार्य, इलेक्ट्रिकल कार्य साथै सम्पूर्ण फिनिसिङको कार्य गरिएको। |
| ५८ | वडा कार्यालय ठुलोगाउँ सडक स्तरोन्नती कार्य | १०,००,०००.०० | १,००,०००.०० | १३ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | ग्याविन वाल, मेशनरी वाल, आर.सि.सी नाली , क्याचपिट सहित ह्युमपाइप र प्लम वाल निर्माण कार्य। |
| ५९ | ठूलो गाउँ बस्ती संरक्षण(क्रशर प्रभावित) | ३,००,०००.०० | ३०,०००.०० | १३ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | स्टोन मेशनरी वाल लगाई बस्ती संरक्षण कार्य भएको। |

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६० | दनुवार गाउँ भित्रि सडक(क्रशर प्रभावित) | ५,००,०००.०० | ५०,०००.०० | १३ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | स्टोन सोलिङ गरी सडक आ.सि.सि. ढलान गरिएको। |
| ६१ | बाटामुनि टोल बस्ती संरक्षण(क्रशर प्रभावित) | ३,००,०००.०० | ३०,०००.०० | १३ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | प्लम वाल र स्टोन मेशनरी वाल लगाई बस्ती संरक्षण गरिएको |
| ६२ | सुनडाँडा बस्ती संरक्षण कार्य(क्रशर प्रभावित) | ३,००,०००.०० | ३०,०००.०० | १३ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | स्टोन मेशनरी वाल लगाई बस्ती संरक्षण कार्य भएको। |
| ६३ | भोटडाँडा बस्ती संरक्षण(क्रशर प्रभावित) | २,००,०००.०० | २०,०००.०० | १३ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | स्टोन मेशनरी वाल लगाई बस्ती संरक्षण कार्य भएको। |
| ६४ | फटकशीला मा.वि.विद्यालयको अधुरो घेराबार निर्माण | ३,००,०००.०० | ३०,०००.०० | १३ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | ट्रस पाईपको ठाडो पोल राखी Chain Link Mesh Fencing ले घेराबार गर्ने कार्य गरिएको |
| ६५ | गैरी गाउँ बस्ती संरक्षण(क्रशर प्रभावित) | २,००,०००.०० | २०,०००.०० | १३ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | स्टोन मेशनरी वाल लगाई बस्ती संरक्षण कार्य भएको। |
| ६६ | ठुलो खोला एक्लेवेसी सिंचाई कुलो निर्माण | ५,००,०००.०० | ५०,२१६.३७ | १३ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | आर.सि.सी कुलो निर्माण तथा वाल लगाई कुलो संरक्षणको कार्य। |
| ६७ | तिनथरे कलेजे सडक स्रतोन्नती कार्य | १०,००,०००.०० | ९९९५३.७१ | १३ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | वाल लगाउने, आर.सि.सि. ढलान गरी सडक संरक्षण कार्य। |
| ६८ | Upgrading Works of Fatte Dauchet Dubachaur Road.(MMSI/WORKS/NCB/2082-83/22) | लागत अनुमान रकम १,७१,९७,७७३.७१ ।- सम्झौता रकम १,६०,२५,०७४.८३ ।- | प्राविधिक बिल अनुसार | ७ | प्राविधिक बिल अनुसार | ठेक्का | आर.सि.सि. सडक ढलान, प्लम नाली, Asphalt कालोपत्रे निर्माण कार्य। |

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६९ | upgrading Works of Bhanjyang Public Road.MMSI/WORKS/NCB/2082-83/05 | लागत अनुमान रकम ४९,९९,१७१.१२। - सम्झौता रकम ३१,९६,०२१.३६। - | प्राविधिक बिल अनुसार | १३ | प्राविधिक बिल अनुसार | ठेक्का | प्लम नाली, आर.सि.सि. सडक ढलान, जाली लगाउने तथा क्याचपिट सहित ह्युमपाईप हाली भल व्यवस्थापन कार्य। |

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल